# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनिमय बजारको नियामक निकाय)

## व्यवस्थापन तथा कानून विभाग

सिडिएस एण्ड क्लियरिङ्ग लि.
दर्ता नं १५४६
मिति २०८०।०६।०९

मिति :- २०८०।०६।०८

प.सं.: का.प्र.शा.०८०।८१
च.नं.:- ८१५

श्री सिडिएस एण्ड क्लियरिङ्ग लि.
पुतलीसडक, काठमाण्डौं ।

**बिषय :- एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस(एपिआई) कार्यसञ्चालन निर्देशिका, २०८० स्वीकृति सम्बन्धमा ।**

महाशय,

उर्पयुक्त सम्बन्धमा तहाँबाट एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस(एपिआई) कार्यसञ्चालन निर्देशिका स्वीकृतिका लागि बोर्डमा प्राप्त भएकोमा बोर्डको मिति २०८०।०६।०२ को बैठकबाट स्वीकृत "एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस(एपिआई) कार्यसञ्चालन निर्देशिका, २०८०" यसै पत्रसाथ संलग्न गरी पठाइएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु ।

भवदीय,

.................
(राजा राम दुवाल)
का.मु. निर्देशक

**बोधार्थः**

श्री अध्यक्षज्यूको कार्यालय, नेपाल धितोपत्र बोर्ड ।

# एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपिआई) कार्यसञ्चालन निर्देशिका, २०८०

## प्रस्तावना

धितोपत्र बजारको विकास तथा प्रवर्धनका लागि केन्द्रीय निक्षेप सेवा, राफसाफ तथा फछ्र्यौट सेवा, सि-आस्बा सेवा लगायतका विभिन्न सेवाहरू सँग सम्बन्धित सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडमा रहेका विभिन्न तथ्याङ्कलाई अत्याधुनिक प्रविधिमा आधारित एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (Application Programming Interface-API) पूर्वाधारको विकास गरि सम्बन्धित सरोकारवाला निकाय वा संस्थालाई सो निकाय वा संस्थाले प्रदान गर्ने सेवाका आधारमा सोही सेवा सँग सम्बन्धित तथ्याङ्कमा पहुँच स्थापना गर्ने उद्देश्यले धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३० को उपनियम (२) बमोजिम नेपाल धितोपत्र बोर्डको स्वीकृति लिई सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **सम्क्षिप्त नाम र प्रारम्भः** (१) यस निर्देशिकाको नाम "एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपिआई) कार्य सञ्चालन निर्देशिका, २०८०" रहेको छ ।

(२) यो निर्देशिका सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको संचालक समितिबाट स्वीकृत भई तोकेको मिति देखि लागू हुने छ ।

२. **परिभाषाः** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,–

(क) "एपिआई" भन्नाले यस निर्देशिका बमोजिम सम्झौता हुने पक्षहरूलाई आवश्यक तथ्याङ्क आदान-प्रदान गर्न तयार गरेको एप्लिकेसन प्रोगामिङ्ग इन्टरफेस सम्झनु पर्छ ।

(ख) "कनेक्टीभिटी" भन्नाले यस निर्देशिका बमोजिम सम्झौता हुने पक्षहरूलाई आवश्यक तथ्याङ्क आदान प्रदान गर्न प्रयोग हुने सुरक्षित नेटवर्क सञ्जालको स्थापनालाई सम्झनु पर्छ ।

(ग) "धितोपत्र सदस्य दलाल" भन्नाले धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ बमोजिम बोर्डबाट धितोपत्र दलाल व्यवसाय गर्न अनुमतिपत्र प्राप्त संगठित संस्था वा कम्पनी सम्झनु पर्छ ।

(घ) "निष्काशनकर्ता कम्पनी" भन्नाले धितोपत्र/उपकरण निष्काशन गर्ने संगठित संस्था सम्झनुपर्छ ।

(ङ) "निक्षेप सदस्य" भन्नाले केन्द्रीय निक्षेप कम्पनीसंग सदस्यता लिएका धितोपत्र व्यवसायी वा संगठित संस्था सम्झनपर्छ ।

(च) "प्रयोगकर्ता" भन्नाले सिडिएससि संग यस निर्देशिका बमोजिम सम्झौता गरि सिडिएससिको प्रणालीबाट एपिआई मार्फत आफ्नो सेवा सञ्चालन सँग सम्बन्धित तथ्याङ्कको प्रयोग गर्ने धितोपत्र सदस्य दलाल, राफसाफ सदस्य, निक्षेप सदस्य, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि, निष्कासनकर्ता कम्पनी, निष्काशन तथा विक्री प्रबन्धक, बैक तथा वित्तीय संस्था, भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालक, सामूहिक लगानी कोष, लगानी व्यवस्थापक, सूचना प्रविधि सेवा प्रदायक वा समितिले समय समयमा यस लि. को प्रणालीमा रहेका तथ्याङ्कको प्रयोग गर्न योग्य भनि तोकी दिएका अन्य निकाय वा संस्था सम्झनु पर्छ ।

२०८०/०६/०५

बोर्ड सचिव

(छ) "बैक तथा वित्तीय संस्था" भन्नाले नेपाल राष्ट्र बैंकबाट इजाजतपत्र प्राप्त "बैक तथा वित्तीय संस्था" सम्झनु पर्छ ।

(ज) "बोर्ड" भन्नाले नेपाल धितोपत्र बोर्ड सम्झनु पर्छ ।

(झ) "भुक्तानी प्रणाली सञ्चालक" भन्नाले भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम भुक्तानी प्रणाली सञ्चालकको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(ञ) "भुक्तानी सेवा प्रदायक" भन्नाले भुक्तानी तथा फर्स्यौट ऐन, २०७५ बमोजिम भुक्तानी सेवा प्रदायकको रुपमा कार्य गर्न अनुमतिपत्र प्राप्त संस्था सम्झनु पर्छ ।

(ट) "रजिष्ट्रार" धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ बमोजिम बोर्डबाट शेयर रजिष्ट्रारको कार्य गर्न अनुमतिपत्र प्राप्त धितोपत्र व्यवसायी सम्झनु पर्छ ।

(ठ) "राफसाफ सदस्य" भन्नाले धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली,२०६९ बमोजिम सिडिएससिले सदस्यता दिएको संस्था सम्झनु पर्छ ।

(ड) "समिति" भन्नाले सिडिएससिको संचालक समिति सम्झनु पर्छ ।

(ढ) "सि-आस्बा सदस्य" भन्नाले धितोपत्र खरीद (सार्वजनिक निष्काशन) सम्वन्धी निर्देशिका, २०७३ बमोजिम धितोपत्र खरीदको लागि दरखास्त संकलन गर्न बोर्डबाट अनुमति प्राप्त गरि धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रीकृत विद्युतिय सेवा कार्य संचालन निर्देशिका, २०७४ बमोजिम सिडिएससिमा आबद्ध भएका बैक तथा वित्तीय संस्था सम्झनु पर्छ ।

(ण) "सिडिएससि" भन्नाले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड सम्झनु पर्छ ।

## परिच्छेद -२

## तथ्याङ्क प्रयोग सम्बन्धी व्यवस्था

३. **एपिआई तयार गर्ने:** सिडिएससिले यस निर्देशिका बमोजिम प्रयोगकर्ता संस्थालाई आवश्यक पर्ने तथ्याङ्कहरू प्रदान गर्नका लागि निश्चित ढाँचामा एपिआईहरू तयार गर्ने छ ।

४. **तथ्याङ्क प्रयोगको प्रयोजन:** सिडिएससि बाट एपिआई मार्फत तथ्याङ्क प्राप्त गर्ने प्रयोगकर्ताले देहाय बमोजिमका प्रयोजनका लागि तथ्याङ्क प्राप्त गर्न सक्नेछन् ।

(क) पूँजी बजारमा सेवा प्रदान गर्न बोर्डबाट अनुमति प्राप्त संस्था वा निकायले आफ्नो सेवा प्राप्त गर्ने ग्राहकको हितग्राही खाता सँग सम्बन्धित व्यक्तिगत विवरण (KYC) रुजू गर्ने प्रयोजनका लागि ।

(ख) धितोपत्र सदस्य दलालले जोखिम व्यवस्थापनका लागि आवश्यक पर्ने आफ्ना विक्रीकर्ता ग्राहकको स्वामित्वमा रहेको धितोपत्रको मौज्दात सम्बन्धी विवरण ।

बोर्ड सचिव

(ग) धितोपत्र राफसाफ सदस्यले आफ्नो ब्याक-अफिस सिस्टमका लागि आवश्यक पर्ने राफसाफ तथा फर्छ्यौट सँग सम्बन्धित विवरण ।

(घ) सि-आस्बा सदस्य बैक तथा वित्तीय संस्थाले आफ्ना ग्राहकको हितग्राही खाता सँग सम्बन्धित विवरण हेर्न, रुजू गर्न, सार्वजनिक निष्काशन भएका धितोपत्रको विवरण प्राप्त गर्न, सार्वजनिक निष्काशन भएका धितोपत्रको खरिद आवेदन सम्बन्धी विवरण प्राप्त गर्न र सो को आधारमा ग्राहकको खातामा रकम रोक्का गर्न, सार्वजनिक निष्काशन भएका धितोपत्रको बाँडफाँटको विवरण प्राप्त गर्न, बाँडफाँट भएका धितोपत्रको आधारमा ग्राहकको खाताबाट रकम डेबिट गर्न वा फुकुवा गर्न र सोको जानकारी सि-आस्बा प्रणालीलाई प्रदान गर्न तथा आफ्नो आन्तरिक प्रणाली मार्फत सि-आस्बा प्रणालीलाई आबद्ध गरि आफ्नो आन्तरिक प्रणाली मार्फत समेत सार्वजनिक निष्कासन सम्बन्धी सेवा सञ्चालन गर्न आवश्यक विवरण ।

(ङ) बैंक तथा वित्तीय संस्थाले प्रदान गर्ने धितो बन्धकी सम्बन्धी सेवाका लागि आवश्यक ग्राहकको स्वामित्वमा रहेको धितोपत्रको विवरण र सोको रोक्का तथा फुकुवा सम्बन्धी अवस्थाको जानकारी दिने विवरण ।

(च) लगानीकर्ताले आफ्नो हितग्राही खाताको वार्षिक शुल्क, मेरो शेयरको नवीकरण शुल्क लगायत सिडिएससि तथा निक्षेप सदस्य सँग सम्बन्धित अन्य शुल्कहरू विभिन्न भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सञ्चालक, बैंक तथा वित्तीय संस्थाका अनलाइन प्रणाली मार्फत भुक्तानी गर्नका लागि ग्राहकको शुल्क सम्बन्धी दायित्वको विवरण ।

(छ) निक्षेप सदस्य तथा रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधिहरूले आफ्नो सेवालाई थप स्तरीय तथा चुस्त बनाउनका लागि आफ्नो आन्तरिक प्रणाली सञ्चालन गर्न सो प्रणालीका लागि आवश्यक विवरण ।

(ज) निष्काशनकर्ता कम्पनीलाई आवश्यक पर्ने शेयरधनी सँग सम्बन्धित विवरण ।

(झ) प्रचलित कानुन बमोजिम अधिकार प्राप्त निकायका लागि आवश्यक पर्ने सिडिएससिको सेवा सँग सम्बन्धित विवरण ।

(ञ) बोर्डबाट स्वीकृति प्राप्त गरि सञ्चालन गरिएको सेवासँग सम्बन्धित कुनै निकाय वा संस्थालाई प्रदान गर्न सकिने भनि समितिले निर्धारण गरेका अन्य विवरण ।

**५. निवेदन दिनुपर्ने:** (१) यस निर्देशिका बमोजिम एपिआई मार्फत सेवा प्राप्त गर्न चाहने संस्थाले अनुसूचि-१ बमोजिमको ढाँचामा कार्यालयमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन दिने संस्थाले देहाय बमोजिमको विवरण समेत संलग्न गरि निवेदन दिनु पर्ने छ ।

(क) तथ्याङ्क प्रयोग हुने प्रणालीको विवरण (प्रणालीको प्रकार, आर्किटेक्चर, भर्सन, प्रणाली निर्माण गर्ने कम्पनीको विवरण, प्रणालीको लागि उपलब्ध प्राविधिक सहायताको अवस्था आदी) ।

(ख) सम्बन्धित नियामक निकायबाट प्रणाली सञ्चालनका लागि स्वीकृति प्राप्त गर्नुपर्ने निकायको हकमा सम्बन्धित निकायबाट प्राप्त स्वीकृति पत्र ।

(ग) सिस्टम/नेटवर्क पूर्वाधार, डाटाबेस लगायतका विवरण ।

(घ) प्रणाली तथा डाटा सुरक्षा र डाटा सेन्टर सम्बन्धी विवरण ।

(ङ) पछिल्लो पटक प्रणालीको सुरक्षा सम्बन्धी Vulnerability Assessment & Penetration Testing (VAPT) गरिएको परीक्षणको प्रतिवेदन ।

(च) प्रणाली सञ्चालन तथा सुरक्षा सम्बन्धी कार्य गर्ने सूचना प्रविधि विभागका कर्मचारीको विवरण ( शैक्षिक योग्यता, अनुभव, पदस्थापनका सम्बन्धी विवरण) ।

(छ) प्रणाली जडान सम्बन्धी विवरण (आइपि एड्रेस, भिपिएन प्यारामिटर इत्यादि) ।

६. **निरीक्षण गर्नुपर्ने:** (१) दफा ५ बमोजिम निवेदन प्राप्त भए पश्चात् सिडिएससिले एपिआई जडान गर्नुपर्ने प्रणाली तथा पूर्वाधारको निरीक्षण गर्नेछ ।

(२) उपदफा (१) बमोजिम निरीक्षणका क्रममा आवश्यक परेमा सिडिएससिले प्रणालीसँग सम्बन्धित अन्य थप विवरण समेत माग गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम निरीक्षण गरि संस्थाले सञ्चालन गरेको प्रणालीमा एपिआइ जडान गर्न सुरक्षित तथा योग्य रहे नरहेको यकिन गरि सो को प्रतिवेदन तयार गर्नेछ ।

७. **जानकारी प्रदान गर्ने:** (१) दफा ६ बमोजिम निरीक्षण गर्दा संस्थाले प्रयोग गरेको प्रणाली एपिआइ जडानका लागि सुरक्षित रहेको देखिएमा उक्त संस्थालाई एपिआइ जडान गर्न सक्ने जानकारी प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम एपिआइ जडान गर्न सुरक्षित नरहेको देखिएमा सोको कारण खुलाई सम्बन्धित संस्थालाई जानकारी दिनु पर्नेछ ।

## परिच्छेद-३

## शुल्क, सम्झौता तथा प्रणाली जडान सम्बन्धी व्यवस्था

८. **शुल्क बुझाउने:** (१) दफा ७ को उपदफा (१) बमोजिम जानकारी प्राप्त गर्ने प्रयोगकर्ताले अनुसूचि–२ बमोजिमको शुल्क बुझाउनुपर्नेछ ।

(२) सिडिएसीले एपिआई जडान तथा सो सँग सम्बन्धित शुल्क बोर्डबाट स्वीकृत गरि मात्र लिन सक्नेछ ।

९. **सम्झौता गर्नुपर्ने:** दफा ७ बमोजिम स्वीकृति प्राप्त गरि दफा ८ बमोजिम शुल्क बुझाएका प्रयोगकर्ताले सिडिएससि सँग अनुसूची-३ बमोजिमको सम्झौता गर्नु पर्नेछ ।

१०. **कनेक्टीभिटी प्रदान गर्ने:** (१) दफा ९ बमोजिम सम्झौता गरेका प्रयोगकर्तालाई सिडिएससिले प्रणालीमा एपिआई जडानका लागि आवश्यक कनेक्टिभिटी प्रदान गर्नेछ ।

(२) उपदफा(१) बमोजिम कनेक्टिभिटी प्रदान गर्नका लागि सिडिएससिले प्रयोगकर्तालाई आवश्यक इन्टरनेट सर्भिस प्रोभाइडर (ISP), VLAN तथा VPN प्यारामिटरहरू आदि विवरणहरू प्रदान गर्ने छ ।

११. **एपिआइ प्रदान गर्ने:** दफा १० बमोजिम कनेक्टीभिटी प्राप्त गरेका प्रयोगकर्तालाई सिडिएससिले सम्झौतामा उल्लेख भए बमोजिमको तथ्याङ्क प्रदान गर्नका लागि आवश्यक एपिआई प्रदान गर्नेछ ।

१२. **प्रणालीको परिक्षण गर्नुपर्ने:** प्रयोगकर्ताले वार्षिक रूपमा आफ्नो प्रणालीको सुरक्षा सम्बन्धी परिक्षण (VAPT) को प्रतिवेदन सिडिएससिमा पेस गर्नु पर्नेछ ।

२०८१।६।०५
बोर्ड सचिव

## परिच्छेद-४

## विविध

१३. **गोपनियता कायम गर्नुपर्ने:** प्रयोगकर्ताले आफूले प्राप्त गरेका तथ्याङ्कको गोपनीयता कायम गर्नुपर्नेछ । जोखिम व्यवस्थापनका लागि आफ्ना विक्रीकर्ता ग्राहकको स्वामित्वमा रहेको धितोपत्रको मौज्दात सम्बन्धी विवरण प्रयोग गर्दा धितोपत्र सदस्य दलालले लगानीकर्ता समक्ष गोपनियता सम्बन्धी अग्रिम सम्झौता गरेर मात्र प्रयोग गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

१४. **अनधिकृत प्रयोग गर्न नहुने:** (१) प्रयोगकर्ताले अनधिकृत रूपमा तथ्याङ्क प्रयोग गरेको पाईएमा सिडिएससिले उक्त प्रयोगकर्ताको सेवा अवरुद्ध गर्नेछ ।

(२) सिडिएससिले उपदफा (१) बमोजिम प्रयोगकर्तालाई एपिआई सेवा अवरुद्ध गरिएको जानकारी तत्काल बोर्डलाई गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्रयोगकर्ताले अनधिकृत रूपमा तथ्याङ्क प्रयोग गरि कुनै पनि पक्षलाई हानि नोक्सानी हुन गएमा सोको हर्जाना सम्बन्धी व्यवस्था सम्झौतामा उल्लेख गर्नुपर्ने छ ।

१५. **अनुगमन गर्न सक्ने:** (१) सिडिएससिले उपलब्ध गराएका तथ्याङ्कहरू अनधिकृत प्रयोग भए नभएको सुनिश्चित गर्न सिडिएससिले समय समयमा अनुगमन टोली गठन गरी अनुगमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अनुगमनमा प्रयोगकर्ताले बाधा व्यवधान खडा गरेमा वा अनुगमन गर्दा सम्झौतामा उल्लेखित बाहेक अनधिकृत प्रयोग गरेको पाइएमा सिडिएससिले सम्झौता रद्ध गर्न सक्नेछ र सो को जानकारी बोर्डलाई दिनुपर्ने छ ।

१६. **अधिकार सिडिएससिमा निहित रहने:** यस निर्देशिका बमोजिम कुनै प्रयोगकर्तालाई तथ्याङ्क उपलब्ध गराउने वा नगराउने अधिकार सिडिएससिमा रहनेछ ।

१७. **निर्देशिकाको व्याख्या:** यस निर्देशिकामा भएको कुनै व्यवस्था सम्बन्धमा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या गर्ने अधिकार समितिमा रहने छ ।

बोर्ड सचिव

नेपाल धितोपत्र बोर्ड
२०५०
ललितपुर

# अनुसूची-१

**(दफा ५ सँग सम्बन्धित)**

मिति :

श्री सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड,

पुतलीसडक, काठमाण्डौ ।

**विषय: एपिआई उपलब्ध गराउने बारे ।**

महोदय,

उपरोक्त सम्बन्धमा यस ...................................... ले सञ्चालन गरेको ............................ सेवा प्रवाह गर्न प्रयोग गरिएको .................................... प्रणालीमा तहाँ लिमिटेडले प्रदान गरेको एपिआई मार्फत देहाय बमोजिमको तथ्याङ्क आवश्यक परेको हुँदा उक्त सेवा प्रयोग गर्न स्वीकृती प्रदान गरिदिनुहुन यस निर्देशिका बमोजिम आवश्यक सम्पूर्ण कागजात संलग्न गरि यो निवेदन पेश गरेको छु ।

एपिआई मार्फत प्राप्त गर्नुपर्ने तथ्याङ्कको विवरण:

१. ..............................................

२. ..............................................

३. ..............................................

४. ..............................................

५. ..............................................

निवेदकको आधिकारिक दस्तखत:

नाम:

पद:

मिति:

कार्यालयको छाप:

२०८०।०६।०५

# अनुसूचि-२

(दफा ८ सँग सम्बन्धित)

| प्रयोगकर्ता | धितोपत्र सदस्य दलाल तथा राफसाफ सदस्य | निक्षेप सदस्य, निष्कासनकर्ता कम्पनी, निष्कासन तथा विक्री प्रवन्धक, रजिष्ट्रार तथा हस्तान्तरण प्रतिनिधि, सामूहिक लगानी कोष, लगानी व्यवस्थापक | भुक्तानी सेवा प्रदायक, भुक्तानी प्रणाली सन्चालक, बैक तथा वित्तीय संस्था, सूचना प्रविधि सेवा प्रदायक संस्था | सि-आस्बा सदस्य बैंक तथा वित्तीय संस्था | अन्य |
|---|---|---|---|---|---|
| एपिआई जडान शुल्क | रु २५,०००।- | रु १२,५००।- | रु २५,०००।- | रु २५,०००।- | |
| प्राविधिक सहायता शुल्क तथा मर्मत सम्भार शुल्क ( वार्षिक रूपमा) | रु २०,०००।- | रु १०,०००।- | रु १०,०००।- | रू २०,०००।- | |

माथी उल्लेखित बाहेक अन्य शुल्कको हकमा बोर्डबाट पूर्व स्वीकृति लिनु पर्नेछ ।

२०८०।८।१५

बोर्ड सचिव

# अनुसूची-३

## (दफा ९ सँग सम्बन्धित)

## सम्झौता पत्र

लिखितम् पुतलीसडक, काठमाण्डौ स्थित सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड(सिडिएससि) (यसपछि प्रथम पक्ष भनी सम्बोधन गरिएको) को तर्फबाट अख्तियार प्राप्त................................. र .................................... स्थित .................................... (यसपछि दोस्रो पक्ष भनि सम्बोधन गरिएको) को तर्फबाट अख्तियार प्राप्त.................................................. आगे हामी दुई पक्षहरूको विचमा प्रथम पक्षले उपलब्ध गराउने एपिआई सेवा प्रयोग गर्न दिने र लिने सहमति भएको हुँदा दुबै पक्षको स्वतन्त्र सहमति र मंजुरीमा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपिआई) कार्य सञ्चालन निर्देशिका, २०८० बमोजिम आज मिति .................. मा काठमाण्डौ स्थित सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको कार्यालयमा बसी यो सम्झौतामा हस्ताक्षर गरी एक/एक प्रति लियौं दियौं ।

**१. तथ्याङ्क प्रयोगको उद्देश्य र प्रयोजनः**

क. दोस्रो पक्षले सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपिआइ) कार्य सञ्चालन निर्देशिका, २०८० को दफा ४ मा उल्लिखित देहाय बमोजिमका प्रयोजनका लागि तथ्याङ्कहरू:

..........................................................................................................................................................................

....................................................... दोस्रो पक्षको ...................................................................... प्रणालीमा एपिआइ मार्फत जडान गरी प्राप्त प्रयोग गर्न सक्नेछ ।

ख. **तथ्याङ्क प्रयोगको सिमाः** यस सम्झौता अनुरूप प्रदान गरिएको तथ्याङ्क सम्झौताको बुँदा नं. १ को खण्ड (क) बाहेक अन्य प्रयोजनमा प्रयोग गर्न पाईने छैन ।

**२. तथ्याङ्क प्रयोगको लागि अनुमतिः** प्रथम पक्षले दोस्रो पक्षलाई दोस्रो पक्षको सम्झौताको बुँदा नं. १ को खण्ड (क)मा उल्लेख गरिएको प्रणालीमा सोही बुँदामा उल्लेख गरिए बमोजिमको प्रयोजनका लागि देहाय बमोजिमको तथ्याङ्कहरू एपिआई मार्फत प्रयोग गर्नको लागि सीमित, अहस्तान्तरणीय र बदर योग्य अनुमति प्रदान गर्दछ ।

क. ........................................

ख. ........................................

ग. ........................................

**३. प्रथम पक्षको दायित्वः**

क. प्रथम पक्षले यस सम्झौता अन्तर्गत दोस्रो पक्षलाई सम्झौताको बुँदा नं. २ मा उल्लेख भए बमोजिमको तथ्यांक प्रदान गर्न यस निर्देशिकाको दफा ३ बमोजिम तयार गरिएको एपिआइ प्रदान गर्नेछ ।

ख. प्रथम पक्षले एपिआइ प्रयोग गर्नका लागि आवश्यक एपिआइ सम्बन्धी प्राविधिक विवरण, अपरेटिङ्ग म्यानुअल लगायतका विवरण दोस्रो पक्षलाई प्रदान गर्नेछ ।

ग. प्रथम पक्षले दोस्रो पक्षलाई एपिआई प्रयोगका लागि आवश्यक प्राविधिक सहायता प्रदान गर्नेछ । तर यस्तो सहायता प्रथम पक्षको प्रणाली तर्फमात्र सीमित रहनेछ । दोस्रो पक्षको प्रणालीमा गर्नुपर्ने प्राविधिक कार्य तथा परिमार्जन सम्बन्धी कार्यका लागि दोस्रो पक्ष स्वयं जिम्मेवार हुनु पर्नेछ ।

बोर्ड

घ. प्रथम पक्षले दोस्रो पक्षलाई अनवरत रूपमा चौबीसै घण्टा प्रदान गर्न प्रतिबद्ध हुनेछ । प्रणालीमा कुनै परिमार्जन वा मर्मत सम्बन्धी कार्य गर्नु परेमा यस सम्बन्धी सूचनाहरू दोस्रो पक्षलाई जानकारी गराउनेछ । तर प्रथम पक्ष र दोस्रो पक्षको बीचमा भएको कनेक्टिभिटिमा इन्टरनेट सेवा प्रदायकको कारण कुनै समस्या आएमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

ङ. प्रथम पक्षले दोस्रो पक्षलाई सेवा प्रवाहमा थप गुणस्तरीयता ल्याउन थप कनेक्टीभिटि तथा अन्य सुरक्षा सम्बन्धी प्रविधिहरू अवलम्बन गर्न निर्देशन दिन सक्नेछ ।

**४. दोस्रो पक्षको दायित्वः**

क. यस सम्झौता अन्तर्गत तथ्याङ्क प्राप्त गर्नको लागि आवश्यक सम्पूर्ण उपकरण तथा प्रणालीको जडान गर्ने, सोको सुरक्षा एवं मर्मत गर्ने दायित्व दोस्रो पक्षको हुनेछ ।

ख. तथ्याङ्कको गोपनीयता कायम गर्नु तथा दुरुपयोग र अनधिकृत पहुँच वा खुलासा हुनबाट रोक्नु दोस्रो पक्षको दायित्व र कर्तव्य हुनेछ ।

ग. दोस्रो पक्षले तथ्याङ्क सुरक्षाका मापदण्डहरूको नियमित पालना गर्दै समय समयमा आफ्नो प्रणालीको सुरक्षा सम्बन्धी चेक जाँच प्रतिष्ठित सुरक्षा प्रणाली परीक्षकहरू बाट गराउनु पर्नेछ ।

घ. दोस्रो पक्षले एपिआई प्रयोग गर्ने क्रममा सो को प्रयोग र सञ्चालन सम्बन्धी कार्य गर्ने आधिकारिक व्यक्तिको विवरण समय समयमा प्रथम पक्षलाई उपलब्ध गराउनु पर्नेछ ।

ङ. दोस्रो पक्षले यस निर्देशिका बमोजिमको शुल्क तोकिएको समय भित्र बुझाउनु पर्नेछ ।

च. दोस्रो पक्षले एपिआई प्रयोग सम्बन्धमा प्रथम पक्षले दिएको निर्देशन पालना गर्नु पर्नेछ ।

छ. दोस्रो पक्षले एपिआई बाट प्राप्त गर्ने तथ्याङ्क प्रयोग गर्दा उपलब्ध तथ्याङ्क आफ्नो प्रणालीमा सहि रूपमा प्रयोग भएको यकिन गर्नु पर्नेछ । यसरी प्राप्त तथ्याङ्क गलत भएको कारणले दोस्रो पक्षको सेवामा असर पुगेमा दोस्रो पक्ष स्वयं जिम्मेवार हुनेछ ।

ज. दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त एपिआई अनवरत रूपमा प्राप्त गर्नका लागि आवश्यक कनेक्टिभिटी लगायतका प्रणालीको उचित रेखदेख गर्नु पर्नेछ । विश्वसनीय कनेक्टिभिटीका लागि एक भन्दा बढी इन्टरनेट सेवा प्रदायक मार्फत सेवा लिनु पर्नेछ ।

झ. दोस्रो पक्षले प्रथम पक्षबाट प्राप्त तथ्याकंको अनधिकृत प्रयोग गरी कुनै व्यक्तिलाई क्षति भएमा दोस्रो पक्षले प्रचलित कानून बमोजिम क्षतिपुर्ती दिनु पर्नेछ ।

**५. काबू बाहिरको परिस्थितिः** यो सम्झौतामा जुनसुकै कुरा लेखिएता पनि आँधी, बाढी, चट्याङ्ग, भुइचालो, आगलागी, विस्फोटन जस्त दैवी घटना वा काबू बाहिरको परिस्थिति वा साईवर आक्रमण, बिद्युतिय सेवा प्रवाहमा अवरोध, इन्टरनेट सेवामा अवरोध लगायतका प्राविधिक खराबीको कारण सेवा प्रवाह रोकिएमा, ढिलाई भएमा सो कारणले अन्य पक्षमा हुने कुनै पनि नोक्सानी उपर प्रथम पक्षलाई कुनै किसिमको कानुनी दायित्व रहने छैन ।

**६. सम्झौता अवधिः** यो सम्झौता ...................................... देखि ................................ सम्म लागू हुने छ । तर कुनै पनि पक्षले अर्को पक्षलाई कम्तीमा सात दिनको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिने छ ।

**७. पूर्ण सम्झौताः** सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडको एप्लिकेशन प्रोग्रामिङ्ग इन्टरफेस (एपिआइ) कार्य सञ्चालन निर्देशिका, २०८० लगायत यस सम्झौतामा सन्दर्भित सबै संलग्न सूचीहरू र कागजातहरू यो सम्झौताको अभिन्न अङ्ग रहने छ ।

| **प्रथम पक्ष** | **दोस्रो पक्ष** |
|---|---|
| हस्ताक्षरः ........................................ | हस्ताक्षरः ........................................ |
| नामः | नामः |

२०८०।१०।०८

| सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड बाट अधिकार प्राप्त | .................................बाट अधिकार प्राप्त |
|---|---|
| पद: | पद: |
| ठेगाना: | ठेगाना: |
| साक्षी: | साक्षी: |
| कम्पनीको छाप: | कम्पनीको छाप: |

इति सम्वत ............साल ..............महिना................रोज..................शुभम ।

२०७०।१०।१५

बोर्ड सचिव